बाल सहभागितामा कार्यरत संस्थाहरुको साझा समुह

# मासिक कार्यसम्पादन पत्र

## डिसेम्बर २०२४

वर्ष : ३, अंक : १२

## डिसेम्बर २०२४ मा सम्पन्न भएका गतिविधिहरु

### १. संयुक्त राष्ट्रसङ्घीय महिला विरुद्ध सबै प्रकारका भेदभाव उन्मूलन गर्ने महासन्धि CEDAW संयन्त्र सम्बन्धि कार्यशाला सम्पन्न



२० डिसेम्बर २०२४, "समावेशी सहभागिता र CEDAW संयन्त्र" सम्बन्धी कार्यक्रम साथि संस्था र कन्सोर्टियम नेपालको संयुक्त आयोजनामा कार्यशाला सम्पन्न भएको छ । लैङ्गिक समानता, बाल अधिकार, र CEDAW जस्ता अन्तर्राष्ट्रिय संयन्त्रहरूको भूमिका सम्बन्धी महत्वपूर्ण मुद्दाहरूमा छलफल गर्ने उद्देश्यले यस कार्यक्रमको आयोजना गरिएको थियो । सिड कमिटि सदस्य बन्दना राणाले बालिकाको अधिकारमा विशेष जोड दिँदै CEDAW को प्रावधान र प्रक्रियाहरूमा केन्द्रित रहेर प्रस्तुतीकरण गर्नु भएको थियो । उहाँले यी कारणहरूलाई अगाडि बढाउन सहयोगीहरूको महत्त्वलाई प्रकाश पार्दै सामाजिक र राजनीतिक प्रभावको लागि सहयोगीहरू राख्नु पर्ने आवश्यकतामा जोड दिनु भएको थियो । प्रस्तुतीकरणको क्रममा CEDAW बारे जानकारी दिँदै , CEDAW सम्बन्धि संस्थागत र संवैधानिक संयन्त्रहरुको बारेमा बताउनु भएको थियो । यस्तै राणाले CEDAW लाई प्रभाव पार्नको निम्ति छायाँ प्रतिवेदनहरूको महत्त्वबारे व्याख्या गर्नु भएको थियो ।

### २. बालसहभागिता प्रवर्द्धन सम्बन्धि कार्यशाला सम्पन्न



२१ डिसेम्बर २०२४, बालअधिकारको क्षेत्रमा लामो समयदेखि योगदान दिंदै आउनुभएको चन्द्रिका खतिवडाको सहजीकरणमा बालसहभागिताको प्रवर्द्धन कार्यशाला सम्पन्न भएको छ । बालसहभागिताको अधिकार, अवधारणा र कानुनी व्यवस्थार बालसहभागिताको प्रवर्द्धनबारे प्रस्तुत गर्नुभएको थियो । उँहाले बालसहभागिताको प्रक्रिया, बालबालिकाले नेतृत्व गरेको संस्थाका मुख्य गुणस्तरीय तत्वहरु तथा बालसहभागिता कर्यवन्यनका लागि आवश्यक आधारभूत तत्वहरुको बारेमा बताउनु भएको थियो । प्रस्तुतिलाई निरन्तरता दिंदै बालअधिकारसम्बन्धी महासन्धि १९८९ मा व्यवस्था भएका बालाधिकको बारेमा चर्चा गर्नु भएको थियो। यस कार्यशालामा संकल्प परियोजना अन्तर्गतका साझेदार संस्थाबाट प्रतिनिधिहरुको उपस्थिति रहेको थियो ।

## ३. बालबालिकाको नागरिक अधिकार र बालबालिकाका नागरिक स्थान सम्बन्धि कार्यशाला

२२ डिसेम्बर २०२४, बालअधिकारको नागरिक अधिकार र बालबालिकाका नागरिक स्थान सम्बन्धि कार्यशाला बालबालिको नागरिक अधिकार र बालबालिकाका नागरिक स्थान सम्बन्धि कार्यक्रम सम्पन्न भएको छ । यस कार्यक्रमको सहजीकरण बलाधिकरका क्षेत्रमा लामो समयबाट अनुभव भएको अधिकारकर्मी श्रीराम बजगाईंले गर्नुभएको थियो । प्रस्तुतिको क्रममा नागरिक स्थानको परिभाषा दिंदै नागरिक स्थानको मुख्य धारणा, बालबालिकाको नागरिक स्थानका निम्ति नागरिक समाजको भूमिका, बालबालिकाको नागरिक र राजनीतिक अधिकारको बारेमा चर्चा गरिएको थियो । बालबालिकाको नागरिक र राजनीतिक अधिकारको विषयमा बालबालिकालाई हिंसा रहित वातावरणमा बाच्ने अधिकार, प्रत्येक बालबालिकाको समानता, जन्म दर्ता र बालबालिकासँग सम्बन्धित सेवा, बालबालिकाको लागि शिक्षा, जीवनको आधारभूत अधिकार, बाँच्नको लागि र विकास, स्वतन्त्रता र सहभागिताको अधिकार जस्ता विषयहरुको बारेमा चर्चा गरिएको थियो ।



## हार्दिक श्रद्धाञ्जली

मानव बेचबिखन विरुद्धकि अभियन्ता सुनिता दनुवारप्रति हार्दिक



DAO Registration No. 131-2070
SWC Affiliation No. 37795

बाल सहभागितामा कार्यरत संस्थाहरुको साझा समूह (कन्सोर्टियम–नेपाल)
CONSORTIUM OF ORGANIZATIONS WORKING FOR CHILD PARTICIPATION (CONSORTIUM–NEPAL )

मानव बेचबिखन बिरुद्धकी अभियन्ता सुनिता दनुवारप्रति

**हार्दिक श्रद्धाञ्जली**

शक्ति समूहका संस्थापक सदस्य **श्री सुनिता दनुवार**ज्यूको मिति २०८१ साल पौष ८ गते भएको अकल्पनीय असामयिक निधनले कन्सोर्टियम नेपाल परिवार मर्माहित हुनुका साथै उहाँको निधनबाट भएको अतुलनिय क्षतिबाट स्तब्ध बनेका छौं ।

यस दुःखद घडीमा उहाँको दिवंगत आत्माको चिर शान्तिको कामना गर्दै हार्दिक भावपुर्ण श्रद्धाञ्जली अर्पण गर्दछौं । साथै, यस दुःखद घडिमा शोकाकुल परिवारजनमा धैर्यधारण गर्न सक्ने शक्ति मिलोस् भन्ने कामना सहित हार्दिक समवेदना व्यक्त गर्दछौं ।

**अध्यक्ष**
सन्तोष महर्जन

**अनिता पाण्डे**
महासचिव

२०८१ पुष ९

बाल सहभागिता : संविधानदेखि व्यवहारसम्म
Consortium-Nepal Secretariat, Buddhanagar, Kathmandu-10, Kathmandu, Nepal
Phone No: +977-1-4791327, E:Mail: participation.consortium@gmail.com, URL: www.consortium.org.np

श्रद्धाञ्जली

## कन्सोर्टियम नेपालले डिसेम्बर २०२४- मा सहभागिता जनाएका विविध कार्यक्रमहरुको विवरण

| क्र.सं. | कार्यक्रम | आयोजक |
| --- | --- | --- |
| १ | December 26 , 2024: Cop 29 reflection meeting | Ministry of Forest and Environment |
| २ | December 4-5, 2024: global submit 2024 | UAE Government |


**संयोजन :** उषा कार्की ,कार्यक्रम अधिकृत, कन्सोर्टियम नेपाल

**थप जानकारीका लागि सम्पर्क :**

**कन्सोर्टियम नेपाल** बुद्धनगर, काठमाडौं

सम्पर्क नं. : ०१-४७९१३२७

इमेल : participation.consortium@gmail.com